# शुभकामना सन्देश

विपद जोखिम न्युनिकरणका लागि United Nations Office for Disaster Risk Reduction (UNDRR) को संयोजन र देशभित्र मानवीय क्षेत्रमा क्रियाशील सरकारी निकाय, संघसंस्था, नागरिक समाज र व्यक्तिहरुको सहभागितामा नेपालमा १३ अक्टोवर २०१९ (तदनुसार २६ असोज २०७६) देखि सप्ताहव्यापीरुपमा **"अत्यावश्यक पूर्वाधारमा विपदबाट हुने क्षति घटाऔं । आधारभूत सेवा प्रवाह रोकिनबाट जोगाऔं"** भन्ने मूल नाराका साथ International Day for Disaster Reduction (IDDR) मनाउन लागेको सम्वन्धमा भरतपुर महानगरपालिकाले पनि जिल्लाका अन्य सरोकारवालाहरुसँग समन्वय र सहकार्य गरी विशेष महत्वका साथ विभिन्न कार्यक्रमहरु गरी सो दिवश मनाउन गइरहेको छ ।

नेपालमा बाढीपहिरो, आगलागी, भूकम्प, हावाहुरी, असिना, तुसारो जस्ता महामारी एवं प्रकोपका कारण वर्षेनी ठूलो धनजनको क्षति हुने गरेको छ । यी विभिन्न प्रकोपका कारण सिर्जित हुनुसक्ने असरलाई पूर्वतयारीका विभिन्न उपायहरुद्वारा न्युनिकरण गर्न सकिन्छ । यसका लागि महानगरपालिकाले नगर विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन, २०७५ जारी गरी महानगरपालिकामा नगर विपद व्यवस्थापन समिति र मातहतका २९ वटै वडाहरुमा वडास्तरीय विपद व्यवस्थापन समिति गठन गरी आफ्नो क्षेत्रमा आइपर्न सक्ने विपद जोखिम न्युनिकरण र व्यवस्थापनका लागि स्थानीय संभावनाको भरपुर उपयोग गर्नेगरी संस्थागत संयन्त्र परिचालन गर्ने नीति लिएको छ ।

वि सं २०७६ जेष्ठमा सम्पन्न भरतपुर महानगरपालिकाको विपद संकटासन्नता तथा क्षमता लेखाजोखा सर्भेक्षणले यस महानगरपालिकामा भूकम्प, महामारी, सडक दुर्घटना, बाढी, बन्यजन्तुको आतंक, हुरीवतास, डुवान, आगलागी जस्ता १६ प्रकारका विपदको पहिचान गरेको छ । यी विपदजन्य घटनाबाट हुनसक्ने जोखिम न्युनिकरणका लागि विपद पूर्वतयारी, विपद प्रतिकार्य र पुनर्लाभ एवं पुनर्स्थापनामा संस्थागत संयन्त्रको परिचालन गर्न अन्तरनिकाय समन्वय, सहकार्य र साझेदारी कायम गर्दै प्रभावकारी कार्यक्रम सञ्चालनका लागि महानगरपालिकाले नगर विपद तथा जलवायु उत्थानशील योजना, २०७६ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ ।

विनास विनाको विकास मात्र दिगो हुन सक्दछ भन्ने मूल भावनालाई आत्मसाथ गरी महानगरले आफ्ना नीति तथा कार्यक्रमहरु अगाडि वढाइरहेकोमा यस वर्षको International Day for Disaster Reduction (IDDR) को अवसरमा सञ्चालन हुने विभिन्न सचेतना अभिवृद्धि तथा क्षमता विकास सम्वन्धी कार्यक्रमहरुले महानगरपालिकाले अख्तियार गरेको विकासमा जोखिम न्युनिकरणको मूलप्रवाहीकरणको नीतिलाई व्यवहारमा उतार्न एवं गुणस्तरीय पूर्वाधार र अटुट सेवाप्रवाहमार्फत महानगरलाई सुरक्षित र समृद्ध बनाउन उत्प्रेरणा मिल्ने विश्वासका साथ हार्दिक शुभकामना व्यक्त गर्दछु ।

रेनु दाहाल
प्रमुख

२०७६ असोज २६ गते शुक्रवार